वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ४९ २०८३ जेठ २६ गते मंगलबार, नेपाल सम्वत् ११४६ June 09, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-




# संघीय सरकारबाट तनहुँले ४ अर्ब ५६ करोड ४७ लाख रूपैयाँ अनुदान पायो

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँका ४ नगरपालिका र ६ गाउँपालिकालाई संघीय सरकारबाट ४ अर्ब ५६ करोड ४७ लाख अनुदान प्राप्त गरेका छन् । अर्थ मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८३/८४ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी विवरण अनुसार ४ नगरपालिकाले २ अर्ब ६३ करोड ४५ लाख रूपैयाँ अनुदान पाएका छन् भने, ६ गाउँपालिकाले १ अर्ब ९२ करोड २ लाख रूपैयाँ अनुदान पाएका छन् ।

भानु नगरपालिकाले समानीकरण अनुदान तर्फ १३ करोड ८७ लाख, सशर्त अनुदान तर्फ ४४ करोड ४१ लाख, विशेष अनुदान तर्फ १ करोड, समपुरक अनुदान (पुँजीगत प्रकृति) तर्फ ४० लाख गरी चालु तर्फ ५६ करोड ८३ लाख र पुँजीगत तर्फ २ करोड ८५ लाख गरी ५९ करोड ६८ लाख अनुदान प्राप्त गरेको छ।

भिमाद नगरपालिकाले समानीकरण तर्फ ११ करोड १४ लाख, सशर्त तर्फ ३० करोड ७३ लाख, विशेष अनुदान तर्फ १ करोड ६७ समपुरक आनुदान तर्फ २ करोड १५ लाख गरी चालु ४१ करोड ३२ लाख र पुँजीगत ४ करोड ३७ लाख गरी ४५ करोड ६९ लाख अनुदान प्राप्त गरेको छ ।

व्यास नगरपालिकाले समानीकरण तर्फ १८ करोड ६० लाख, सशर्त तर्फ ७५ करोड २० लाख, समपुरक तर्फ ५० लाख गरी चालु ८० करोड ४० लाख र पुँजीगत १३ करोड ९० लाख गरी ९४ करोड ३० लाख रूपैयाँ अनुदान रकम प्राप्त गरेको छ ।

शुक्लागण्डकी नगरपालिकाले समानीकरण तर्फ १४ करोड ६० लाख, सशर्त तर्फ ४६ हरोड ४३ लाख, विशेष तर्फ १ करोड ४० लाख, समपुरक तर्फ १ करोड ३५ लाख गरी चालु ५१ करोड ९३ लाख, पुँजीगत ११ करोड ८५ लाख गरी ६३ करोड ७८ लाख रूपैयाँ अनुदान प्राप्त गरेको छ ।

आँवुखैरेनी गाउँपालिकाले समानीकरण तर्फ ९ करोड ६७ लाख, सशर्त तर्फ १७ करोड ३६ लाख, विशेष तर्फ १ करोड ८० लाख, समपुरकमा २ करोड ५८ लाख गरी चालु २८ करोड ४३ लाख, पुँजीगत २ करोड ९८ लाख गरी ३१ करोड ४१ करोड अनुदान प्राप्त गरेको छ ।

ऋषिङ गाउँपालिकाले समानीकरण तर्फ १० कराड ३७ लाख, सशर्त अनुदान तर्फ २४ करोड ६१ लाख, विशेष अनुदान तर्फ ७६ लाख, समपुरक अनुदान ८५ लाख गरी चालु ३४ करोड ५६ लाख, पुँजीगत २ करोड ३ लाख गरी ३६ करोड ५९ लाख अनुदान प्राप्त गरेको छ ।

घिरिङ गाउँपालिकाले समानीकरण तर्फ ८ करोड ७८ लाख, सशर्त अनुदान तर्फ १८ करोड ८१ लाख, समपुरक अनुदान ७० लाख गरी चालु २६ करोड ९७ लाख, पुँजीगत १ करोड ३२ लाख गरी २८ करोड २९ लाख अनुदान प्राप्त गरेको छ ।

देवघाट गाउँपालिकाले समानीकरण अनुदान तर्फ ८ करोड ३२ लाख, सशर्त अनुदान तर्फ २३ करोड ८२ लाख, विशेष अनुदान ८६ लाख, समपुरक अनुदान ७० लाख गरी चालु ३१ करोड २ लाख, पुँजीगत २ करोड ६८ लाख गरी ३३ करोड ७० लाख रूपैयाँ अनुदान प्राप्त गरेको छ ।

म्याग्दे गाउँपालिकाले समानीकरण अनुदान तर्फ ९ करोड ९२ लाख, सशर्त अनुदान तर्फ १८ करोड ६३ लाख, विशेष अनुदान तर्फ १ करोड ४० लाख, समपुरक अनुदान ७० लाख गरी चालु २९ करोड ५६ लाख, पुँजीगत १ करोड ९ लाख गरी ३० करोड ६५ लाख रूपैयाँ अनुदान प्राप्त गरेको छ ।

बन्दीपुर गाउँपालिकाले समानीकरण अनुदान तर्फ ९ करोड ६ लाख, सशर्त अनुदान तर्फ २० करोड ७ लाख, विशेष अनुदान १ करोड ५० लाख, समपुरक अनुदान १ करोड ७५ लाख गरी चालु २८ करोडा ५८ लाख र पुँजीगत ३ करोड ८० लाख गरी ३२ करोड ३८ लाख रूपैयाँ अनुदान बजेट प्राप्त गरेको छ ।

| शीर्षक | समानीकरण अनुदान (२६३३१) | | | | सशर्त अनुदान | | | विशेष अनुदान | | | समपुरक अनुदान (पुँजीगत प्रकृति) (२६३३४) | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न्युनतम अनुदान | सुत्रमा आधारित अनुदान | कार्यसम्पादनमा आधारित अनुदान | जम्मा | चालु (२६३३२) | पुँजीगत प्रकृति (२६३३६) | जम्मा | चालु (२६३३३) | पुँजीगत प्रकृति (२६३३७) | जम्मा | | चालु | पुँजीगत प्रकृति | कुल जम्मा |
| **तनहुँ** | ४०.०० | ६९.४१ | ४.९२ | १.१४.३३ | २.९२.०७ | २८.०० | ३.२०.०७ | ३.२० | ७.१९ | १०.३९ | ११.६८ | ४.०९.६० | ४६.८७ | ४.५६.४७ |
| **नगरपालिका** | १८.०० | ३८.२५ | १.९६ | ५८.२१ | १.७२.२७ | २४.५० | १.९६.७७ | ० | ४.०७ | ४.०७ | ४.४० | २.३०.४८ | ३२.९७ | २.६३.४५ |
| ८०१०४११० भानु नगरपालिका | ४.२५ | ९.०७ | ५५ | १३.८७ | ४२.९६ | १.४५ | ४४.४१ | ० | १.०० | १.०० | ४० | ५६.८३ | २.८५ | ५९.६८ |
| ८०१०४१११ भिमाद नगरपालिका | ३.७५ | ६.९१ | ४८ | ११.१४ | ३०.१८ | ५५ | ३०.७३ | ० | १.६७ | १.६७ | २.१५ | ४१.३२ | ४.३७ | ४५.६९ |
| ८०१०४११२ व्यास नगरपालिका | ५.५० | १२.६२ | ४८ | १८.६० | ६१.८० | १३.४० | ७५.२० | ० | ० | ० | ५० | ८०.४० | १३.९० | ९४.३० |
| ८०१०४११३ शुक्लागण्डकी नगरपालिका | ४.५० | ९.६५ | ४५ | १४.६० | ३७.३३ | ९.१० | ४६.४३ | ० | १.४० | १.४० | १.३५ | ५१.९३ | ११.८५ | ६३.७८ |
| **गाउँपालिका** | २२.०० | ३१.१६ | २.९६ | ५६.१२ | १.१९.८० | ३.५० | १.२३.३० | ३.२० | ३.१२ | ६.३२ | ७.२८ | १.७९.१२ | १३.९० | १.९३.०२ |
| ८०१०४३११ आँबुखैरेनी गाउँपालिका | ३.७५ | ५.३७ | ५५ | ९.६७ | १६.९६ | ४० | १७.३६ | १.८० | ० | १.८० | २.५८ | २८.४३ | २.९८ | ३१.४१ |
| ८०१०४३१२ ऋषिङ्ग गाउँपालिका | ४.०० | ५.९० | ४७ | १०.३७ | २४.१९ | ४२ | २४.६१ | ० | ७६ | ७६ | ८५ | ३४.५६ | २.०३ | ३६.५९ |
| ८०१०४३१३ घिरिङ्ग गाउँपालिका | ३.५० | ४.८४ | ४४ | ८.७८ | १८.१९ | ६२ | १८.८१ | ० | ० | ० | ७० | २६.९७ | १.३२ | २८.२९ |
| ८०१०४३१४ देवघाट गाउँपालिका | ३.५० | ४.३३ | ४९ | ८.३२ | २२.७० | १.१२ | २३.८२ | ० | ८६ | ८६ | ७० | ३१.०२ | २.६८ | ३३.७० |
| ८०१०४३१५ म्याग्दे गाउँपालिका | ३.७५ | ५.६२ | ५५ | ९.९२ | १८.२४ | ३९ | १८.६३ | १.४० | ० | १.४० | ७० | २९.५६ | १.०९ | ३०.६५ |
| ८०१०४३१६ बन्दिपुर गाउँपालिका | ३.५० | ५.१० | ४६ | ९.०६ | १९.५२ | ५५ | २०.०७ | ० | १.५० | १.५० | १.७५ | २८.५८ | ३.८० | ३२.३८ |

# निर्वाचन पर्यवेक्षण प्रतिवेदन : मतदान केन्द्र पुनरावलोकन गर्न माग

भञ्ज्याङ समाचारदाता/काठमाडौं

आवधिक निर्वाचनका क्रममा उपयोग गरिने मतदान केन्द्र पुनरावलोकन गरिनुपर्नेमा सरोकार भएका निकायका प्रतिनिधिहरूले जोड दिएका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को लैङ्गिक अपाङ्गता तथा समावेशी दृष्टिकोणबाट निर्वाचन पर्यवेक्षणको प्रतिवेदन अनावरण गर्न महिला, कानुन र विकास मञ्चले आज यहाँ आयोजना गरेको कार्यक्रममा मतदान केन्द्र पुनरावलोकन गरी सहज स्थानमा स्थानान्तरण गरिनुपर्नेमा जोड दिइएको हो । मञ्चलगायत १५ वटा संस्थाले लैङ्गिक अपाङ्गता तथा समावेशी दृष्टिकोणबाट निर्वाचन पर्यवेक्षण गरेको जानकारी पनि कार्यक्रममा गराइएको थियो ।

त्यस अवसरमा निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरले मतदानस्थल तथा मतदान केन्द्रको पुनरावलोकन सुरू भइसकेको बताउनुभयो । पहुँच हुन नसक्ने मतदान केन्द्रका बारेमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत आयोगमा जानकारी पठाउन सकिने उहाँले बताउनुभयो।



आयोगले मस्यौदा गरी संघीय संसद्मा प्रवेश गरेको विधेयकमा प्रत्यक्ष निर्वाचनमै ३३ प्रतिशत महिला निर्वाचित हुने गरी कानुनी व्यवस्था मस्यौदा गरी पठाइएको उहाँको भनाइ छ । १५ वटा संस्थाले निर्वाचन पर्यवेक्षण गरी पठाएको प्रतिवेदन आयोगको अमूल्य सम्पत्ति हुने र यसका आधारमा आगामी निर्वाचनमा सुधारका काम गरिने प्रतिबद्धता आयुक्त तुलाधरको थियो ।

समयअनुसार प्रविधिको प्रयोग बढाउने, निर्वाचनमा खटिने कर्मचारी तथा स्वयंसेवकहरूका लागि लैङ्गिक, अपाङ्गता तथा समावेशीकरणसम्बन्धी तालिमलाई संस्थागत गर्ने र लैङ्गिक, अपाङ्गता तथा समावेशी सूचकका आधारमा वर्गीकृत निर्वाचन तथ्याङ्क संकलन, विश्लेषण तथा प्रकाशनलाई थप सुदृढ बनाउने उहाँले बताउनुभयो। महिला, युवा, अपाङ्गता भएका व्यक्ति, दुर्गम क्षेत्रका नागरिक तथा अन्य सीमान्तकृत समुदायलाई लक्षित विशेष मतदाता शिक्षा कार्यक्रम विस्तार गरिने

बाँकी तेश्रो पेजमा

# सरकारको निर्णय सच्याउन माग गर्दै हस्ताक्षर बुझाइयो

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाल पत्रकार महासंघ तनहुँ शाखाले सरकारी विज्ञापन निजी सञ्चारमाध्यममा नदिने सरकारको निर्णय सच्याउन माग गर्दै संकलन गरिएको हस्ताक्षर सरकारलाई बुझाएको छ ।




शाखाको आयोजनामा सोमबार प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीमार्फत सरकारलाई हस्ताक्षर बुझाइएको हो। महासंघले जेठ ७ गते सञ्चालन गरेको हस्ताक्षर संकलन अभियानअन्तर्गत संकलित हस्ताक्षर सरकारसमक्ष पेश गरिएको जनाएको छ।

हस्ताक्षर बुझाउने कार्यक्रममा शाखाका अध्यक्ष डिपी अधिकारी, पूर्व अध्यक्ष प्रकाशचन्द्र भट्टराई, ओमकार आचार्य, सल्लाहकार नारायण खड्कालगायतको सहभागिता रहेको थियो।

महासंघले सरकारी निर्णयको विरोधमा थप आन्दोलनका कार्यक्रमसमेत घोषणा गरेको छ। जसअनुसार शाखाको आयोजनामा जेठ २७ र २९ गते जिल्ला प्रशासन कार्यालय तनहुँमा बिहान ११ बजेदेखि १२ बजेसम्म धर्ना कार्यक्रम रहेको छ।

महासंघले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्ने निर्णयले प्रेस स्वतन्त्रता र सञ्चार क्षेत्रको दिगोपनामा असर पर्ने भन्दै उक्त निर्णय पुनर्विचार गर्न सरकारसँग माग गरेको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# स्वास्थ्य अधिकार

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक अधिकारका रूपमा स्थापित गरेको एक दशक पूरा हुँदै गर्दा एउटा मूल प्रश्न अझै अनुत्तरित छ– के नागरिकले त्यो अधिकार व्यवहारमा अनुभूति गर्न पाएका छन् ? संविधानले निःशुल्क आधारभूत स्वास्थ्य सेवा, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य तथा स्वास्थ्यसम्बन्धी जानकारीको अधिकार सुनिश्चित गरेको छ । तर, कागजी प्रत्याभूति र नागरिकको दैनिक अनुभवबीच अझै पनि ठूलो दूरी विद्यमान छ । संघीय शासन प्रणाली लागू भएसँगै स्वास्थ्य सेवा तीन तहमा बाँडिएको छ– संघीय तहमा नीति, प्रदेशमा समन्वय र स्थानीय तहमा सेवा प्रवाह । यस व्यवस्थाले स्वास्थ्य सेवा घरदैलोमै पुग्ने अपेक्षा गरिएको थियो । केही क्षेत्रमा सकारात्मक उपलब्धि पनि देखिएका छन् । खोप कार्यक्रमको विस्तार, मातृ तथा शिशु मृत्युदरमा आएको कमी, महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको सुदृढीकरण तथा परिवार नियोजन र पोषण सेवाको विस्तारले ग्रामीण तहसम्म स्वास्थ्य सेवाको पहुँच विस्तार भएको छ । स्वास्थ्य बीमा कार्यक्रमले पनि सीमित रूपमा भए पनि नागरिकलाई राहत दिएको छ ।

तर, उपलब्धिको यो तस्वीर पूर्ण छैन । दुर्गम क्षेत्रका नागरिक अझै सामान्य उपचारका लागि घण्टौं हिंड्न बाध्य छन् । धेरै स्वास्थ्य संस्थामा दक्ष जनशक्ति, आवश्यक उपकरण र औषधिको अभाव छ । कतिपय स्थानमा भवन बनेका छन्, तर सेवा प्रभावकारी छैन । शहर र गाउँबीचको गुणस्तरीय स्वास्थ्य सेवाको खाडल अझै गहिरो छ । निजी अस्पतालको महँगो उपचार र सरकारी अस्पतालको भीडबीच सर्वसाधारण नागरिक अन्योलमा परेका छन् । स्वास्थ्य बीमा कार्यक्रमसमेत अपेक्षाअनुसार प्रभावकारी बन्न सकेको छैन । बीमित नागरिकले सेवा लिन खोज्दा औषधि अभाव, ढिलासुस्ती र प्रशासनिक जटिलताले निराशा थपेको छ । यसले प्रणालीप्रति विश्वास कमजोर बनाउँदै लगेको छ, जुन दीर्घकालीन रूपमा झनै घातक हुन सक्छ । अर्कोतर्फ, नेपालको स्वास्थ्य क्षेत्र नयाँ प्रकृतिका चुनौतीसँग जुधिरहेको छ । सरूवा रोग नियन्त्रणमा प्रगति भए पनि नसर्ने रोग– मधुमेह, उच्च रक्तचाप, मुटुरोग र क्यान्सर– तीव्र रूपमा बढिरहेका छन् । बदलिँदो जीवनशैली, अस्वस्थ खानपान र शारीरिक निष्क्रियता यसको प्रमुख कारण हुन् । साथै, मानसिक स्वास्थ्य समस्या पनि गम्भीर बन्दै गएको छ । विशेषगरी युवापुस्तामा बढ्दो तनाव, डिप्रेसन र आत्महत्याका घटनाले स्वास्थ्य प्रणालीलाई नयाँ दृष्टिकोणबाट पुनःसंरचना गर्न बाध्य बनाएको छ ।

तनहुँ जिल्लाको अवस्था यस सन्दर्भमा प्रतिनिधिमूलक उदाहरण हो । संरचनागत रूपमा १ सयभन्दा बढी स्वास्थ्य संस्था सञ्चालनमा रहे पनि सेवा गुणस्तर र पहुँचमा समस्या कायमै छ । नसर्ने रोगको बढ्दो चाप, मानसिक स्वास्थ्य समस्या र मातृ स्वास्थ्यका कमजोर सूचकहरूले स्वास्थ्य प्रणालीमाथि प्रश्न उठाएका छन्। संस्थागत प्रसूति दर घट्नु, आइरन चक्की सेवन दर न्यून हुनुजस्ता तथ्यांकले आधारभूत सेवामा समेत सुधार आवश्यक रहेको संकेत गर्छन् । यद्यपि, खोप कार्यक्रम र क्षयरोग नियन्त्रणमा देखिएको प्रगति आशा जगाउने पक्ष हुन् । अब प्रश्न उठ्छ—समाधान के ? पहिलो, स्वास्थ्य सेवा विस्तार मात्र पर्याप्त छैन, यसको गुणस्तर र समान पहुँच सुनिश्चित गर्नु आवश्यक छ । दुर्गम क्षेत्रमा पूर्वाधार निर्माणसँगै दक्ष जनशक्ति व्यवस्थापन अनिवार्य छ । दोस्रो, स्वास्थ्य बीमा प्रणालीलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन सुधार अपरिहार्य छ । तेस्रो, नसर्ने रोग रोकथामका लागि जनचेतनामूलक अभियान, स्वस्थ जीवनशैली प्रवर्द्धन र नियमित स्क्रिनिङ कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । चौथो, मानसिक स्वास्थ्य सेवाको विस्तार अब विलासिता होइन, आवश्यकता बनिसकेको छ ।

त्यसैगरी, डिजिटल प्रविधि, टेलिमेडिसिन र कृत्रिम बुद्धिमत्ताको प्रयोगले दुर्गम क्षेत्रमा विशेषज्ञ सेवा पुर्‍याउने सम्भावना बढाएको छ । तर, यस्ता नवीन अभ्यासलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट समन्वय, पर्याप्त बजेट र कडाइका साथ कार्यान्वयन आवश्यक हुन्छ । अन्ततः स्वास्थ्य सेवा केवल नीति र कार्यक्रमको विषय होइन, यो राज्यको दायित्व र नागरिकको आधारभूत अधिकार हो । संविधानले मार्ग देखाइसकेको छ, तर त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने जिम्मेवारी राज्यका सबै तहले साझा रूपमा वहन गर्नुपर्छ । जबसम्म नागरिकले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्दैनन्, तबसम्म स्वास्थ्य अधिकारको वास्तविक अर्थ अधुरै रहनेछ । अब समय आएको छ– स्वास्थ्य अधिकारलाई कागजबाट व्यवहारमा उतार्ने ।

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर-१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५-५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

# जलवायु संकट : हिमनदी र हिमपहिरोले लिंदैछ डरलाग्दो रूप

♦ अमृत चिमरिया



नेपालको उत्तरी क्षितिजमा देखिने चाँदीजस्तै टल्किने हिमालहरु अब सौन्दर्यका प्रतीकमात्र रहेनन् । ती त तीव्र गतिमा घटिरहेका वातावरणीय दुर्घटनाका साक्षी र सम्भावित विस्फोटक धराप बनिरहेका छन् । २०८२ कात्तिक १७ गते दोलखाको गौरीशंकर गाउँपालिका–९ स्थित रोल्वालिङ हिमशृङ्खलाअन्तर्गत यलुङरी हिमालको आधार शिविरमा १५ जना विदेशी र स्वदेशी पथप्रदर्शकको समूह हिम पहिरोमा परे । जसका कारण ३ जनाको मृत्यु भयो ।

पछिल्लो समय नेपालको हिमाली पर्यटन र त्यहाँको पारिस्थितिकीय प्रणालीमाथि नै गम्भीर प्रश्नचिह्न खडा हुन थालेको छ । यो घटना त एउटा प्रतिनिधि दृश्यमात्र हो, वास्तवमा हाम्रा हिमालहरु अहिले अदृश्य तर भयानक युद्धको मैदान बनिरहेका छन्, जहाँ प्रकृति र जलवायु परिवर्तनबिचको संघर्षमा मानिसले अनाहकमा ज्यान गुमाइरहेको छ । गत वर्ष मनाङको थासाङमा खसेको हिमपहिरो र रसुवामा हिमताल फुट्दा आएको विशाल बाढीले हिमाली क्षेत्रको असुरक्षालाई थप पुष्टि गर्दछ । पछिल्ला वर्षहरूमा हिमाली क्षेत्रमा साना-ठुला हिमपहिरो र हिमआँधीहरु नियमित जस्तै भएका छन् ।

**बजेटमा बेवास्ता, चक्र नबुझ्ने सरकार**

हिमालको फेदमा रहेका बस्तीहरु र त्यहाँ जाने आरोहीहरु मृत्युसँग जुधिरहँदा सिंहदरबारको नीति र बजेटमा भने हिमालको दुःख समेटिएको छैन । प्रत्येक वर्ष हिमपहिरो र बाढीका कारण जनधनको क्षति बढिरहेको छ, तर सरकारले यसलाई केवल 'प्राकृतिक विपद्' को ट्याग भिराएर आफ्नो जिम्मेवारीबाट पन्छिरहेको हिमाल बचाउ अभियन्ता छिरिङ दोर्जे बताउँछन्।

'घटना हुँदा तत्कालका लागि केही चासो देखाए जस्तो गर्ने र हेलिकप्टरबाट उद्धार गर्ने कामलाई नै उपलब्धि मान्ने सरकारी प्रवृत्तिका कारण हिमाली संकटको न्यूनीकरण तथा दीर्घकालीन समाधानका लागि बजेटमा सधैं कञ्जुस्याइँ हुँदै आएको छ,' उनले भने ।

आगामी आर्थिक वर्ष (२०८३/०८४) को नीति तथा कार्यक्रमलाई हेर्दा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्ने ठुला कुराहरु नगरिएका होइनन् । भूमिगत जल पुनर्भरण, बर्सातको पानी संकलन र मुहान संरक्षणजस्ता शब्दावलीहरूले नीतिगत दस्तावेज त भरिएका छन् । तर बजेट वक्तव्यमा पुग्दा यी कार्यक्रमहरु खुम्चिएर तराई र चुरे क्षेत्रका पोखरी निर्माण र तटबन्धमा मात्र सीमित हुन पुगेका छन् ।

हिमाल पग्लिएर तराई डुबानमा पर्ने र पहाडमा खडेरी लाग्ने चक्रलाई बुझ्न नसक्दा सरकारले विनियोजन गरेको एक अर्ब रूपैयाँ 'बालुवामा पानी' जस्तै हुने जलवायु परिवर्तन अभियन्ता बताउँछन् ।

दिगो विकास लक्ष्य-१३ अन्तर्गतको जलवायु परिवर्तन अनुकूलन शीर्षकको बजेट नै अघिल्लो वर्षको तुलनामा घटाइएको छ । चालु आर्थिक वर्ष (२०८२/०८३) मा १३ अर्ब २५ करोड विनियोजन गरिएको यस शीर्षकमा आगामी आर्थिक वर्ष (२०८३/०८४) का लागि केवल १० अर्ब ७५ करोडमात्र छुट्ट्याइनुले सरकार हिमालको संकटप्रति कति उदासीन छ भन्ने कुरा प्रस्ट पार्छ । 'बजेट नियाल्ने हो भने ०.५१ प्रतिशतमात्रै छ । यति लगानी गरेर विश्वकै जलवायु जोखिमको अग्रपङ्क्तिमा रहेको देशले कसरी आफ्नो अस्तित्व बचाउन सक्ला ?' दोर्जे प्रश्न गर्छन् ।

**पछिल्लो १४ वर्षमा ४५ घटना, ६२ को मृत्यु, ३१ बेपत्ता**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कले हिमाली क्षेत्रको भयावह अवस्था देखाउँछ। प्राधिकरणका अनुसार वि.सं. २०६८ देखि २०८२ सम्मको १४ वर्षको अवधिमा नेपालमा ४५ वटा ठुला हिमपहिरोका घटना रेकर्ड भएका छन् । जसमा परेर ६२ जनाले ज्यान गुमाएका छन् भने ३१ जना अझै बेपत्ता छन् । ६४ जना घाइते भएका यी घटनाले के देखाउँछन् भने हिमपहिरोको संख्या कम देखिए पनि यसले पुर्‍याउने मानवीय क्षति निकै गम्भीर छ । आरोहीहरु मात्र होइन, उच्च हिमाली भेगमा पुस्तौंदेखि बसोबास गरिरहेका समुदायहरु अहिले असुरक्षाको छायामा बाँचिरहेका छन् ।

**हिउँहुरीको कम छैन वितण्डा**

हिउँपहिरो मात्र होइन, हिउँहुरीले पनि उत्तिकै वितण्डा मच्चाइरहेको छ । पछिल्लो १४ वर्षमा भएका १० वटा ठुला हिउँहुरीमा परेर १७ जनाले ज्यान गुमाएका छन्, जसमा धेरैजसो पदयात्री र गोठाला छन्। तथ्याङ्कको यो चाङले केवल मृत्युको विवरणमात्र दिँदैन, यसले नेपालको हिमाली अर्थतन्त्रको मेरूदण्ड मानिने पर्यटन क्षेत्र कति जोखिममा छ भन्ने संकेत पनि गर्दछ ।

हिमाली विपदको अर्को सबैभन्दा ठुलो र डरलाग्दो रूप भनेको हिमताल विस्फोटन हो । २०७८ सालमा मेलम्चीमा आएको विनाशकारी बाढीले हिमाली क्षेत्रमा भएको वातावरणीय परिवर्तनले तल्लो तटीय क्षेत्रमा कस्तो प्रलय ल्याउन सक्छ भन्ने कुरा देखाइसकेको छ । प्राधिकरण र ईसिमोडको अध्ययन अनुसार नेपालका मुख्य नदी प्रणालीहरु कोशी, गण्डकी र कर्णाली जलाधार क्षेत्रमा ३ हजार ६२४ वटा हिमताल छन् । तीमध्ये ४७ वटा ताल यस्ता छन्, जो जुनसुकै बेला विस्फोट हुन सक्छन् र तिनलाई 'अति उच्च जोखिम' को सूचीमा राखिएको छ । अझ चिन्ताको विषय त के छ भने यीमध्ये २५ वटा ताल चीनको तिब्बत क्षेत्रमा छन् ।

यदि तिब्बतमा रहेका ती ताल फुटे भने त्यसको प्रत्यक्ष असर नेपालका भोटेकोशी, सुनकोशी, तामाकोशी र त्रिशूली जस्ता नदी किनारका ३ हजारभन्दा बढी घरधुरीमा पर्नेछ । ती बस्तीहरु अहिले 'विस्फोटक बम' को सिधा मार्गमा छन्, तर तिनलाई बचाउने वा पूर्वसूचना दिने प्रभावकारी संयन्त्रको अझै अभाव छ ।

**३ हजार घरधुरी हिमताल विस्फोटको उच्च जोखिममा**

चिनियाँ एकेडेमी अफ साइन्समा हिमताल र हिम बाढी जोखिमका विषयमा शोध गरिरहेका अनुसन्धानकर्ता नितेश खड्काका अनुसार, नेपालका मुख्य नदी प्रणालीहरूमा हजारौँको संख्यामा हिमताल छन् । तिब्बतमा रहेका यी तालहरु विस्फोट हुँदा त्यसको प्रत्यक्ष र विनाशकारी असर नेपालका भोटेकोशी, सुनकोशी, तामाकोशी र त्रिशूली जस्ता नदी किनारका बस्तीहरूमा पर्ने निश्चित छ ।

अध्ययनले देखाए अनुसार, ३ हजारभन्दा बढी घरधुरीहरु ती ताल फुट्दा

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
अवसरका लागि केही दौडधुप गर्नुपर्ला । खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

**वृष**
फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला।

**मिथुन**
निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला ।

**कर्कट**
प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। शत्रु र प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला ।

**सिंह**
आफन्त टाढिने हुँदा होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला ।

**कन्य**
कीर्तिमानी काम गर्ने समय छ। सानो प्रयत्नले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ ।

**तुला**
इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । परिवारजनको साथ रहन्छ।

**वृश्चिक**
दिन रमाइलो र उत्साहजनक रहनेछ । प्रियजनसँग भेटघाट वा सम्पर्क हुनेछ ।

**धनु**
काममा रूचि बढ्नेछ भने व्यापारमा राम्रै लाभ हुनेछ । बुद्धिको उपयोगले मनग्य धन आर्जन हुनेछ ।

**मकर**
बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। भौतिक साधन जुट्नेछन् ।

**कुम्भ**
केही बाध्यात्मक परिस्थितिमा अलमलिनुपर्ला नतिजा सच्याउन काम दोहोर्याउनुर्नेछ ।

**मीन**
दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ ।

# जलवायु संकट : हिमनदी .........

बग्ने लेदो र बाढीको सिधा मार्गभित्रै पर्दछन् ।

खड्काका अनुसार जोखिम केवल ठुला र पहिचान भएका हिमतालहरूबाट मात्रै छैन । पछिल्लो समय हिमनदीको सतहमाथि बन्ने अस्थायी 'सुप्रा ग्लेसियल' तालहरु झन् खतरनाक साबित भइरहेका छन्। सोलुखुम्बुको थामेमा गत वर्ष आएको आकस्मिक बाढी यसकै एउटा प्रतिनिधि उदाहरण हो ।

'हामीले गरेको भू–उपग्रहीय अध्ययन र तस्बिरहरूको विश्लेषणले के देखाउँछ भने धेरैलाई लाग्छ कि ठुला ताल फुट्दामात्रै क्षति हुन्छ । तर वास्तविकता त्यस्तो छैन। अहिले हिमनदीको सतहमाथि बन्ने अस्थायी 'सुप्रा ग्लेसियल' तालहरु पनि उत्तिकै खतरनाक छन् । तापक्रम वृद्धिका कारण यस्ता साना तालहरु एकैपटक फुट्दा तल्लो क्षेत्रमा ठुलो लेदोसहितको बाढी आउँछ,' खड्काले रातोपाटीसँग भने ।

नेपालका ३ हजारभन्दा बढी घरहरु त यस्ता तालहरूको सिधा जोखिम रेखाभित्रै पर्ने उनको भनाइ छ। यदि उचित सतर्कता अपनाइएन भने धनजनको क्षति अपूरणीय हुन सक्ने चेतावनी पनि उनले दिए ।

विज्ञहरूका अनुसार हिमताल विस्फोटको जोखिमले केवल मानव बस्तीलाई मात्र होइन, नेपालको राष्ट्रिय अर्थतन्त्र र पूर्वाधारलाई समेत ठुलो चुनौती दिएको छ । नेपाल र चीन जोड्ने मुख्य व्यापारिक नाकाहरु तातोपानी र केरूङ क्षेत्रमा रहेका अर्बौंका भौतिक संरचनाहरु अहिले उच्च जोखिममा छन् । नदी किनारमा रहेका सडक, पक्की पुल र निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरु जुनसुकै बेला बाढीको चपेटामा पर्न सक्छन् । यदि तिब्बततर्फको कुनै ठुलो ताल फुट्यो भने नेपालको जलविद्युत् क्षेत्रमा अपूरणीय क्षति पुग्ने र अर्बौंको लगानी बालुवामा मिल्ने देखिन्छ । यसले नेपालको ऊर्जा सुरक्षा र वैदेशिक व्यापारमा समेत दीर्घकालीन असर पार्ने विज्ञहरूको चेतावनी छ ।

इम्जा र च्छो रोल्पा जस्ता तालहरूको पानीको सतह घटाउने प्रयास केही हदसम्म सफल भए पनि जोखिममा रहेका अन्य ४५ भन्दा बढी तालहरूको व्यवस्थापन अझै बाँकी छ । जोखिमयुक्त क्षेत्रका बासिन्दाहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, नदी किनारमा प्रभावकारी पूर्वसूचना प्रणाली जडान गर्ने र चीनसँगको सीमापार समन्वयलाई बलियो बनाउनु अबको प्राथमिकता हुनुपर्ने खड्का बताउँछन् ।

**के छ पछिल्लो एक शताब्दीको इतिहास ?**

इतिहासको पाना पल्टाउने हो भने नेपालमा हिमपहिरोको जोखिम पछिल्ला दशकहरूमा तीव्र गतिले बढेको देखिन्छ । 'जर्नल अफ टुरिजम एण्ड हिमालय एड्भेन्चर' मा प्रकाशित रिपोर्ट अनुसार सन् १९२२ देखि २०२० सम्मको एक शताब्दीमा ६० वटा ठुला हिमपहिरोबाट ३७२ जनाको ज्यान गएको छ । तीमध्ये ३२४ जनाको मृत्यु त सगरमाथा क्षेत्रमा मात्रै भएको छ ।

सन् १९७२ मा मनास्लुमा १५ जनाको मृत्यु, १९९५ मा खुम्बु क्षेत्रमा ४८ जनाको मृत्यु भएको घटना र २०१४ मा मनाङ–मुस्ताङमा ५९ जनाको ज्यान लिएको हिमपहिरो अझै पनि नेपाली मानसपटलमा ताजै छन् ।

सन् २०१५ को भूकम्पसँगै सगरमाथा आधार शिविरमा खसेको पहिरोमा २३ जनाले ज्यान गुमाएका थिए। यो रिपोर्टले नेपालका हिमालहरु अब पहिलेजस्तो स्थिर र सुरक्षित छैनन् । जलवायु परिवर्तनका कारण हिउँको पकड कमजोर हुँदै गएको छ र पहाडका चट्टानहरु नाङ्गिन थालेको देखाएको छ ।

वातावरण विज्ञानका उपप्राध्यापक सुदीप ठकुरीका अनुसार अहिले हिमाली क्षेत्रमा वर्षाको स्वरूपमा आएको परिवर्तनले झन् ठुलो संकट निम्त्याएको छ । पहिले हिउँमात्र पर्ने ठाउँमा अहिले मुसलधारे पानी पर्न थालेको छ । सुक्खा र भिरालो जमिनमा अचानक पानी पर्दा त्यसले 'फ्ल्यास फ्लड' को रूप लिने गरेको छ । मनाङ र मुस्ताङ जस्ता सुक्खा हिमाली मरूभूमिमा आएको बाढी यसकै परिणाम हो ।

माथिल्लो तटीय क्षेत्रमा चीनको तिब्बत र तल्लो क्षेत्रमा नेपालको भौगोलिक अवस्थितिका कारण सीमापार जल–विपदको जोखिम पनि उत्तिकै छ । 'चीनतर्फ हुने कुनै पनि वातावरणीय हलचलले नेपालमा सिधा प्रभाव पार्छ। यस्तो अवस्थामा नदी किनारका बस्तीहरूको सुरक्षाका लागि पुनर्विचार गर्न ढिला भइसकेको छ। तर, सरकारले न त ती बस्तीलाई स्थानान्तरण गर्ने योजना ल्याएको छ, न जोखिमयुक्त क्षेत्रमा पूर्वाधार निर्माण गर्दा अपनाउनुपर्ने मापदण्ड नै कडाइका साथ लागु गरेको छ', ठकुरीले रातोपाटीसँग भने ।

राष्ट्रिय सभाको दिगो विकास उपसमितिले तयार पारेको 'जलवायु परिवर्तनसम्बन्धी अध्ययन प्रतिवेदन, २०८२' ले झनै डरलाग्दो तथ्य उजागर गरेको थियो । डा. अन्जान शाक्य संयोजकत्वको उपसमितिले नेपालले अहिले वातावरणीय मात्र होइन, आर्थिक र मानवीय क्षेत्रमा समेत 'बहुआयामिक संकट' भोगिरहेको निष्कर्ष निकाले पनि सरकारले यसलाई गम्भीरतापूर्वक लिएको देखिँदैन । प्रतिवेदन अनुसार हिमाली क्षेत्रको तापक्रम प्रतिदशक ०.०६ डिग्री सेल्सियसका दरले बढिरहेको छ । यसले गर्दा हिमाली क्षेत्रमा कृषि उत्पादकत्वमा ४० प्रतिशतसम्मले कमी आएको छ । स्याउ फल्ने ठाउँहरूमा अहिले किरा लाग्न थालेका छन् भने खेतीपातीका लागि पानीका मुहानहरु सुक्दै गएका छन् ।

प्रतिवेदनले अनुमान गरे अनुसार सन् २१०० सम्ममा हिमालयका दुई तिहाइ हिमनदी हराउनेछन् । पछिल्लो तीन दशकमा मात्रै २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटिसकेको छ ।

प्रतिवेदनले भनेको छ, 'नेपालले विश्वको कुल कार्बन उत्सर्जनमा केवल ०.०५६ प्रतिशतमात्र योगदान गर्छ, तर यसले चुकाउनु परेको मूल्य भने असमान र अन्यायपूर्ण छ। अन्तर्राष्ट्रिय मञ्चहरूमा क्लाइमेट फण्ड र क्षतिपूर्तिका कुराहरु त गरिन्छन्, तर ती रकमहरु वास्तविक पीडितसम्म पुग्न सकेका छैनन् ।'

सरकारले कार्बन व्यापारबाट लाभ लिने र जलवायु कूटनीतिलाई बलियो बनाउने कुरामा पनि खासै सफलता पाउन सकेको देखिँदैन। हिमाली क्षेत्रको परम्परागत ज्ञानलाई आधुनिक विज्ञानसँग जोडेर अनुकूलनका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने संसदीय समितिको सुझावलाई पनि कर्मचारीतन्त्र र राजनीतिक नेतृत्वले गम्भीरतापूर्वक लिएको पाइँदैन । रातोपाटीबाट


## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्नु सबै नगरवासीको कर्तव्य हो । यस नगरपालिकाको केन्द्रमा रहेको दमौली वजार क्षेत्रमा सडक अधिकार क्षेत्र तथा सडक पेटी अवरुद्ध हुने गरी पक्की संरचना, वरन्डा तथा टिनका संरचनाहरू निर्माण गरेको पाइएकाले त्यस्ता संरचनाहरू हटाउन सम्वन्धित घरधनी तथा सरोकारवालाहरूलाई व्यास नगर कार्यपालिकाको मिति २०८३/०२/२२ गते वसेको २३८ औं वैठकले निर्णय गरेकाले यो ३५ (पैंतीस) दिने सूचना जारी गरिएको छ। उक्त अवधिभित्र सम्वन्धित घरधनीले आफ्नै पहलमा उक्त संरचना हटाउन अनुरोध गरिन्छ । यदि समय सिमा भित्र नहटाएमा प्रचलित कानुन वमोजिम व्यास नगरपालिकाले आवश्यक प्रक्रिया पूरा गरी त्यस्ता संरचनाहरू हटाउने व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ।



## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२


# निर्वाचन पर्यवेक्षण प्रतिवेदन ..........

उहाँको भनाइ थियो ।

मञ्चको नेतृत्वमा विभिन्न १५ वटा गैरसरकारी संस्थाले तयार पारेको निर्वाचन पर्यवेक्षणको प्रतिवेदनका बारेमा अधिवक्ता सागर पाठकले प्रस्तुती दिनुभएको थियो। निर्वाचन हरित निर्वाचन, शान्तिपूर्ण र निष्पक्ष ढङ्गले सम्पन्न भए पनि लैङ्गिक, अपाङ्गता तथा समावेशीमैत्री प्रक्रियामा भने धेरै सुधार गर्नुपर्ने देखिएको उहाँले उल्लेख गर्नुभयो ।

मतदान हुनु अघिको मतदानस्थल, मतदानको समय र मतगणनाको अवस्थालाई जेड–सी (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण) विधिबाट पर्यवेक्षण गरी प्रतिवेदन तयार गरिएको उहाँले बताउनुभयो । सात प्रदेशका २३ जिल्लाका ५५ स्थानीय तहको ४६ निर्वाचन क्षेत्रमा रहेको १५६ मतदान केन्द्रको प्रत्यक्ष अवलोकन गरेर प्रतिवेदन तयार पारिएको पाठकले बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता मीरा ढुङ्गाना, आयुक्त डा तुलाधर, मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठ र अर्पणा श्रेष्ठले संयुक्त रूपमा प्रतिवेदन अनावरण गर्नुभयो । निर्देशक श्रेष्ठले मतदान केन्द्र पर्याप्त सूचनाबाट वञ्चित रहेकाले आउँदा दिनमा त्यसलाई निर्वाचन आयोगले सुधार गर्ने विश्वास व्यक्त गर्नुभयो ।

अधिकांश मतदान केन्द्रमा महिला र पुरूषको लाइन बेग्लाबेग्लै भए पनि अन्यलाई बेवास्ता गरिएको, प्राथमिक उपचारको व्यवस्था नभएको, पिउने पानी, स्तनपान कक्ष, आराम कक्ष नभएको, मतदानस्थल अपाङ्गतामैत्री नभएको र मतदानपछि फर्किने बाटोमा वृद्धा र अशक्तका लागि ध्यान नपुऱ्याइएको कार्यकारी निर्देशक श्रेष्ठको भनाइ थियो । अबका दिनमा निर्वाचन आयोगले यस्ता कुरामा ध्यान पुऱ्याउने उहाँको विश्वास थियो । रासस


## पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
## सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com



**बन्दीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
## बन्दीपुर अस्पताल
बन्दीपुर–४, तनहुँ । गण्डकी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशन मितिः २०८३/०२/२६)**

बन्दीपुर गाउँपालिका अन्तर्गतको बन्दीपुर अस्पताल खर्च केन्द्रको लागि बन्दीपुर गाउँपालिकाको आ.ब. २०८२/०८३ को हिउँदे सभाद्वारा स्वीकृत कार्यक्रम क्र.सं. १ **'कम्प्युटर सेट, ल्यापटप, प्रिन्टर, स्क्यानर तथा युपियस लगायतका ईलेक्ट्रोनिक्स सामाग्रीहरू खरिद'** र क्र.सं. ३ **'EMR का लागि कम्प्युटर सेट, ल्यापटप, प्रिन्टर, स्क्यानर तथा युपियस लगायतका ईलेक्ट्रोनिक्स सामाग्रीहरू खरिद'** दुई योजनालाई एकीकृत रूपमा खरिद प्रक्रियाका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ४०, सार्वजनिक खरिद (दोश्रो संसोधन) अध्यादेश २०८३ को दफा १४ र सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८४ बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| क्र. सं. | योजना/कार्यक्रमको नाम | विनियोजित जम्मा रकम | दरभाउपत्र फारम दस्तुर | सिलबन्दी दरभाउपत्रको बैंक ग्यारेन्टी वा जमानत रकम | दरभाउपत्र बुझाउने अन्तिम मिति | कै |
|---|---|---|---|---|---|---|
| १. | कम्प्युटर सेट, ल्यापटप, प्रिन्टर, स्क्यानर तथा युपियस लगायतका ईलेक्ट्रोनिक्स सामाग्रीहरु खरिद **समेत** | रु.१३,००,०००/- | रु.१०००/- | रु.३९,०००/- (बैंक ग्यारेन्टी ७५ दिन म्याद भएको हुनुपर्ने) | २०८३/०३/०१ गते बेलुकी ५:०० बजेसम्म | दुई योजना एकीकृत गरिएको |

**नोटः**
- विस्तृत सूचना बन्दीपुर अस्पतालको सूचना पाटि तथा फेसबुक पेज एवं अस्पताल प्रशासन शाखामा प्राप्त गर्न सकिनेछ ।
- थप जानकारी एवं समन्वयका लागि प्रशासन शाखा प्रमुख (९८५६०४२०६२) वा योजना शाखा प्रमुख (९८५६०६३५८१) संग सम्पर्क गर्नुहुन अनुरोध छ ।

**मेडिकल सुपरिटेण्डेन्ट (९८५६०६३३३१)**



**घरमै स्वास्थ्य सेवा :** तनहुँको बन्दीपुर गाउँपालिका–६ धरमपानीकी एक ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य परीक्षण सेवा दिंदै धरमपानी स्वास्थ्य केन्द्रकी स्वाथ्यकर्मी । गाउँपालिकाले ज्येष्ठ नागरिक तथा असक्तहरूलाई घरघरमै प्राथमिक स्वास्थ्य परीक्षण, सरकारले निःशुल्क उपलब्ध गराउने र नियमित खानुपर्ने औषधी उपलब्ध गराउने लगायतका सेवा उपलब्ध गराउँदै आएको छ । *तस्विर : भञ्ज्याङ*

# सुके पानीको 'मूल' बढ्यो सङ्कट

रासस/बर्दिबास

बर्दिबास–१ का ७५ वर्षीय भक्त भण्डारी बस्तीको सिरानको पानीखोल्सीको अवस्था देखेर वीरक्तिनुहुन्छ । "यो खोल्सीको जरूवा दुई दशकअघि पहिलेको बर्दिबास क्षेत्रभरिकै खानेपानीको स्रोत थियो, अहिले त पानी बग्ने पहिलेको ठाउँमा सुक्खा छन् ।" बर्दिबास–१ को सिरानको दाहाल्नी खोल्सीको पनि उस्तै हाल भएको उहाँ बताउनुहुन्छ ।

बर्दिबासमात्र नभएर छिमेकको भङ्गाहा–४ पलारको जोकाहा भूल (जरूवा) मासिएको छ। एक समयमा जोकाहा भूलको पानी सम्झेर बटुवा टाढैदेखि तिर्खा साँचेर आउने गरेका पलारका ८५ वर्षीय चौठी बाँतरलाई हिजोझैँ लाग्छ। "जोकाहा मूल खानेपानीमात्र नभएर खेतको सिँचाइका लागि पनि प्रयोग गरिन्थ्यो, यसैको नाउँमा यहाँका खेत धान उत्पादनका लागि कहलिएको थियो", विगत सम्झदै उहाँ भन्नुहुन्छ, "देख्दादेख्दै यो मूल पुरियो, अहिले पानीको नाउँनिसान छैन ।" भण्डारी र बाँतरजस्तै विजलपुरा जुडी टोलका ८० वर्षीय प्रमोदकुमार सिंह जुडी भूलले सिँचाइ हुने दुई दशकअघिको अब्बल जग्गा अब काँस पनि नउम्रने बनेको लामो सुस्केरा हाल्दै बताउनुहुन्छ । अब त पछिल्लो पुस्तालाई भूलबारे बताउन पनि दन्त्यकथा हाल्नुपर्ने अवस्था बनेको सिंह वीरक्तिदै बताउनुहुन्छ ।

महोत्तरीका पानीका जरूवा यसरी सुकेपछि बुढापाका भने 'के समय आयो ?' भन्दै पिरोलिएका भेटिन्छन्। सदावहार बहने जरूवा पानीका मुहान सुकेपछि यहाँको जनजीवनमा असर परेको छ । यसले बर्सेनि पानीको सङ्कट बढ्दो छ । खासगरी गर्मी यामममा त रातु, मरहा र बाँके नदी शिरमा पनि खोल्साखोल्सीबाट झर्ने पानीका मुहान अहिले सबै सुकेका छन् । खोल्सीका जरूवा र नदीमात्र नभएर बर्दिबास, गौशाला र भङ्गाहा नगरक्षेत्रका इनार र चापाकल धमाधम सुक्दै गएपछि यी नगरक्षेत्रका कैयौँ बस्तीमा पानीको हाहाकार बढेको छ।

"उ हेर्नोस् न, इनारमा पानी देखिन छाड्यो, अब पानीबिना छटपटिने दिन आउँदैछ", बर्दिबास–७ मनहरिपुरका ३४ वर्षीय नीरबहादुर खत्री भन्नुहुन्छ, "कमसेकम पानी त ढुक्कले पाइयोस्, त्यो पनि हाम्रो भाग्यमा छैन ।" पानीको अभावलाई भाग्यसँग जोड्ने उहाँले गर्मीयाममा पानीको हाहाकार भोग्नु आफूहरूको नियति नै बनेको बताउनुहुन्छ ।

चुरे पहाडको फेदी र वनजङ्गल नजिक हुँदा यस भेगमा पानीको सङ्कट कम हुन पर्ने लख काटिन्छ। तर जिल्लामा सबैभन्दा बढी पानीको समस्या यिनै नगरक्षेत्रमा पर्ने गरेको छ । चुरे र यसका शृङ्खलाबाट निस्कने खोल्साखोल्सी व्यवस्थित नगरिदा बर्सेनि गेगऱ्यान थुप्रिएर पानीका मुहान पुरिने गरेका छन् । जिल्लाको मध्य र दक्षिणी क्षेत्रको माटो चिम्ट्याइलो र लिसाइलो हुँदा भूमिगत सतहमा पानी चाँडै सुक्दैन। तर उत्तरी क्षेत्रको माटो बालु गेगऱ्यान मिसिएको हुँदा गर्मी याममा यहाँको जग्गा चाँडै रूखिने र मुहान सुक्ने समस्या बढेको चुरे तथा जलाधारविज्ञ जिल्लाकै भङ्गाहा–७ मेघरोलका बासिन्दा डा विजयकुमार सिंह बताउनुहुन्छ ।

चुरे क्षेत्रका जलाधार क्षेत्रमा बलौटे गेग्र्यान थुपरिएर पानीको मुहान पुरिनु, वनजङ्गल पातलिनु र पहाडी थुम्का र नदी किनारमा अनियन्त्रित उत्खनन नरोकिनुले यहाँ पानीको सतह गहिरिँदै गएको विज्ञहरूको भनाइ छ । "भएका मुहान पुरिएका छन्, जलाधार क्षेत्रको संरक्षण हुन सकेको छैन, वनक्षेत्रमा पुनर्भरण पोखरी बनाउन ध्यान पुगेको छैन", चुरे तथा जलाधार क्षेत्रको अध्ययनमै विद्यावारिधि गर्नुभएका डा सिंह भन्नुहुन्छ, "हामी चेतेका छैनौँ, यही चालमा पानीको ठूलो संकट बढ्ने देखिन्छ ।" असन्तुलित वर्षा, खडेरीजस्ता विपद् चुरे र यस वरिपरिका जलाधार क्षेत्र संरक्षण गर्न नसकिनु पनि प्रमुख कारणमध्ये पर्ने उहाँको भनाइ छ ।

मधेसमा दक्षिणको दशगजासम्मै र त्यस तल पनि पानीको मुख्य स्रोत चुरे नै भएको विज्ञ बताउँछन्। तर मधेसको जीवनसँग जोडिएको चुरे संरक्षणमा पर्याप्त ध्यान नपुगेको अर्का चुरे, जलाधार तथा वातावरणविज्ञ डा नागेन्द्रप्रसाद यादव बताउनुहुन्छ । यस कार्यमा तीनै तहका सरकारबीच आपसी सहकार्य र समन्वय हुनपर्ने डा यादवको सुझाव छ। "अब पनि चुरे संरक्षणमा ध्यान नदिने हो भने जिल्लाको तल्लो भेगसम्मका जग्गा केही वर्षभित्रै मरूभूमि बन्नेछ", डा यादव बताउनुहुन्छ ।

बर्दिबास र गौशालामा खानेपानीका लागि खोल्सीका जरूवा, चापाकल र इनार मुख्य स्रोत हुन् । गर्मी याममा पछिल्ला दुई दशकयता खानेपानीको सङ्कट पर्दै गएको बर्दिबास–३ गौरीडाँडाका बासिन्दा सामाजिक अगुवा ७० वर्षीय तुलसीप्रसाद ढुङ्गाना सम्झनुहुन्छ । बर्दिबास र गौशालासँगै भङ्गाहा नगरपालिकाका तीन वटा वडा बस्तीमा पानीको सङ्कट पर्ने गरेको छ । इनार र चापाकल भङ्गाहा ३, ४ र ५ वडाभित्रका १२ भन्दा बढी बस्तीमा खानेपानीका मुख्य स्रोत हुन्। यसपालि हिउँदे वर्षा नभएको हुँदा जेठ तेस्रो साताको प्रचण्ड गर्मीकै बेला यहाँका अधिकांश इनार र चापाकल सुकेका भङ्गाहा–४ रामनगरका ६५ वर्षीय हरिदेव साह बताउनुहुन्छ ।

यहाँ गर्मी याममा मानिसमात्र नभएर घरपालुवा पशुबस्तु, चराचुरूङ्गी र वन्यजन्तु पानीको सङ्कट झेल्दैछन् । पछिल्ला केही वर्षयता वनक्षेत्रका खोल्सी सुकेपछि बँदेल, दुम्सी र नीलगाईसहितका जन्तु आहारा र पानीको खोजीमा दक्षिणी क्षेत्रका बस्तीबस्तीभित्र पुगेका छन्। पानीको अभाव भोग्दै आएका सर्वसाधारणलाई अहिले वन्यजन्तु बस्तीबस्ती पसेपछि बाली र आफ्नै पनि सुरक्षाको चुनौती थपिएको भङ्गाहा–३ कटैया बस्तीकी ६० वर्षीया रामराजी यादवको भनाइ छ ।

जिल्लामा लामो खडेरी पर्दा भने दक्षिणी क्षेत्रमा पनि खानेपानी कहिलेकाहीँ ठूलठूला ट्याङ्कीबाट वितरण भएको छ । "यसपालि त अहिलेसम्म चापाकलमा पानी आउँदैछ, पोहोर साल त बाहिरबाट ट्याङ्कीमा ओसारेर नगरपालिकाले वितरण गरेर बचाएको थियो", गत वर्षको दुःख सम्झँदै जलेश्वर–१ का ७० वर्षीय सुधीर साह सम्झनुहुन्छ ।

पानीका स्रोतका मुहान धमाधम सुकेपछि अब बाली लगाउन र हुर्काउन कठिन बनेको सर्वसाधारणको पीडा छ । चुरे तथा जलाधारविज्ञ भने यिनको संरक्षणबिना महोत्तरीमात्र नभएर मधेसमै पानीको दीर्घकालीन समाधान पहिल्याउन नसकिने ठोकुवा गर्छन् । "अब यसले गरेन, उसले गरेन भनेर दोष अन्त देखाएर समाधान छैन", डा सिंह भन्नुहुन्छ, "स्थानीयतह, प्रदेश र केन्द्र सरकारबीचको समन्वयात्मक कामले मात्र यो समस्या समाधानतिर लान सकिन्छ ।"

## facebook twitter

**स्वारी**
x.com/ptkums

आजकल एउटा भाष्य बडो जबर्जस्त तरिकाले उठिरहेको/उठाईराखिएको (नियोजित रूपमा) छः रवी इज अ म्याचुअर पोलिटिसियन द्यान फलानो! कसले ? किन ? यो उठाइराखेको छ, बिस्तारै चर्चा गरौंला ! तर पार्टीको जिम्मा लिएका रवीले पार्टीलाई राम्रोसँग चलाउन नसकेको ५ वर्ष पनि नपुगेको पार्टीको बिभिन्न जिल्ला अधिवेशनमा भईरहेको झडप, पार्टी भित्र देखिन थालेको गुटगत लडाईं र अनुशासनहिनताबाट प्रष्ट देखिन्छ ! बरू सरकारको जिम्मेवारी रहेको परराष्ट्र मामिलादेखि सर्वदलीय बैठक चलाउने लगायतका काममा हस्तक्षेप गरेर 'देखिने परिणाम' दिनको लागि एकाग्र प्रधानमन्त्रिको 'ध्यान' खलबल्याउन उनी सफल भईरहेको जस्तो देखिदैछ ! नेपाली जनताको रूपमा, यही देशमा बाँच्न सकिन्छ, हाँस्न सकिन्छ र पुरै जिन्दगी बिताउन सकिन्छ भन्ने विश्वास बोकेको एक साधारण नेपालीको रूपमा मलाई यो सरकारले राम्रो काम गरोस् भन्ने सदिच्छा सदैब छ र खवरदारी सहितको समर्थन गरी नै राखिन्छ !

**Arjun Narasingha Kc**
x.com/ArjunNarasingha

हाम्रो संसद कहिलेकाहीँ विशेष वा असामान्य परिस्थितिमा मात्र अवरूद्ध हुने नभई दुर्भाग्यवश वर्षौंदेखि अवरोधको निरन्तर अभ्यासहरू नै संसदीय संस्कृतिको रूप लिँदै आएको छ। यो कुनै एक दलको समस्या मात्र नभई हाम्रो समग्र संसदीय संस्कृतिमा देखिएको गम्भीर विकृति हो। विगतका तथ्यहरु हेर्दा संसद अवरोधको अवधि अस्वाभाविक रूपमा लामो देखिन्छ, जसले लोकतान्त्रिक संस्थाप्रतिको जनविश्वास कमजोर बनाएको छ।

विश्वका स्थापिलोकतन्त्रहरूमा पनि विवाद र गतिरोध हुन्छन, देखिन्छन्, तर समाधानको खोजी सधैँ संवाद, सहमति र संस्थागत प्रक्रियामार्फत गरिन्छ। बेलायतमा ब्रेक्जिट विवादका क्रममा सन् २०१९ मा संसद स्थगनको विषय उठ्दा अदालतले नै संसदलाई अनिश्चितकालका लागि बन्द गर्न नपाइने स्पष्ट आदेश दिएको थियो।

भारतमा सन् २०१० को टूजी स्पेक्ट्रम घोटालाका कारण संसद २२ दिन अवरूद्ध रह्यो, तर अन्ततः संयुक्त संसदीय समिति गठन गरी समाधानको बाटो खोजियो।

विश्वभरका संसदीय अभ्यासले जटिल विवादहरूको अन्तिम समाधान संवाद, सर्वदलीय सहमति, संसदीय समिति वा छानबिन संयन्त्रमार्फत हुने तथ्य पुष्टि गर्छन्।

तर नेपालमा भने प्रधानमन्त्रीको अभिव्यक्ति तथा संसदलाई छल्दै आर्थिक विधेयकमा गरिएको संशोधनप्रति सम्पूर्ण प्रतिपक्षी दलहरूको एकीकृत विरोध हुँदासमेत सरकारले समाधान खोज्न कुनै तत्परता नदेखाउनु खेदजनक छ। यो केवल प्रतिपक्षको उपेक्षा मात्र होइन, जनताको सार्वभौम इच्छाको प्रतिनिधित्व गर्ने सर्वोच्च नीतिगत मञ्च संसदप्रतिको अनादर पनि हो। संसदलाई कमजोर बनाउने प्रवृत्तिले लोकतन्त्र बलियो हुन सक्तैन बरू निरन्कुशता तिर उन्मुख बनाउँछ।

संसद विचार, विमर्श, असहमति र सहमतिका माध्यमबाट राष्ट्रिय समस्याको समाधान खोज्ने सर्वोच्च लोकतान्त्रिक संस्था हो। जनताका आवाजलाई नीतिमा रूपान्तरण गर्ने स्थान भएकाले यसको मूल धर्म बहस, संवाद, सहमति र निर्णय हो। यसको सुत्राधार र संयोजन सत्ता पक्ष र सभामुख ले नै गर्नु पर्छ। निरन्तर अवरोध वा बन्दले जनप्रतिनिधित्व, उत्तरदायित्व र लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाउ छ।

जनताको समृद्धि, विकास र भविष्यसँग प्रत्यक्ष जोडिएको वार्षिक बजेटमाथि संसदमा गम्भीर छलफल हुन नसक्नु, स्थगन हुनु, आज छैटौं दिनसम्म पनि सम्सद अबरोध निरन्तर रहदा पनि सरकार मौन रहनु अत्यन्त दुःखद् अवस्था हो। यदि संसदमा बहस, जवाफदेहिता र सहमतिको अभ्यास कमजोर हुँदै जाने हो भने जनप्रतिनिधिमूलक संस्थाको औचित्यको कुनै अर्थ रहदैन । तसर्थ सरकारले तत्काल सबै पक्षसँग संवाद गरी सहमतिमार्फत निकास खोज्नु कर्तब्य र लोकतान्त्रिक दायित्व मात्र होइन, संसदीय मर्यादा, परम्परा र बिधिको शासन को न्युनतम पालना गर्ने अपरिहार्य आवश्यकता पनि हो।यता तिर सरकार र प्रतिपक्ष सबै गम्भीर हुनु अनिवार्य आबस्यक्ता छ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४